नेपाल सरकार
विज्ञान, प्रविधि तथा वातावरण मन्त्रालय
वैकल्पिक ऊर्जा प्रवर्द्धन विकास समिति
वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र

५५३९३९०, ५५३९२३७, ५५३९३९१
फ्याक्स: ९७७-१-५५४२३९७
पो. ब. नं. १४३६४, काठमाडौं
Web: www.aepc.gov.np
खुमलटार, ललितपुर

पत्र संख्या:
चलानी नं.:

प्रेस विज्ञप्ति

## नेपाल नवीकरणीय ऊर्जा –फोहोरबाट ऊर्जा बजार २०१३ अभियानको थालनी

"नेपाल नवीकरणीय ऊर्जा–फोहोरबाट ऊर्जा बजार २०१३" अभियानको थालनी गरिएको छ । व्यवसायिक र विकाससंग सम्बन्धित निकायहरुसंग हातेमालो गर्दै फोहोर मैला व्यवस्थापन र सो मार्फत् नवीकरणीय ऊर्जा उत्पादन गरी नेपालको आर्थिक विकासमा सहयोग पु-याउने उद्धेश्यले वैकल्पिक ऊर्जा प्रर्वद्धन केन्द्र र विश्व बैंकले संयुक्त रुपमा यो अभियान सुरु गरेका हुन् ।

"फोहरमा पनि छ सम्भावना हजार" भन्ने मूल नाराका साथ आयोजना गर्न लागिएको नेपाल नवीकरणीय ऊर्जा बजार अभियानमा औद्योगिक साथै अन्य आवश्यक मात्रामा जैविक फोहोर निस्कने क्षेत्रहरुको फोहोरबाट ऊर्जा निकाल्ने आफ्ना परियोजनाका उपायहरु www.aepc.gov.np वा www.w2ebazaar.org.np मा २०७०, वैशाख ६ गते भित्र पठाउन औधोगिक लगायत व्यवसायीक प्रतिस्ठान, नगरपालिका, गैर-सरकारी संघ-संस्था, समुदाय लगायतलाई आव्हान गरेको छ ।

देशभरबाट प्राप्त उपायहरुको नविनता(innovation), सो उपाय कार्यान्वयन गर्ने प्रस्तावित साझेदारी (partnership), दिगोपन(sustainability), अन्य स्थानमा अनुसरण गर्न सकिने प्रकृति (replicability) र प्रभाव (impact) का आधारमा मूल्याकंन गरिनेछ । यसरी छानिएका १० वटा उत्कृष्ट परियोजनाहरुका छोटा श्रव्य दृष्य सामाग्री सहितका विस्तृत व्यवसायिक र कार्यन्वयनका योजनाहरुलाई २०७० साल बैशाख १३ गते काठमाण्डौंमा आयोजना हुने नेपाल नवीकरणीय ऊर्जा – फोहोरबाट ऊर्जा बजारमा प्रस्तुत गर्ने मौका दिईने छ साथै उत्कृष्ट परियोजनाका उपायहरुलाई सोहि कार्यकममा पुरस्कृत गरिने छ ।

फोहरबाट ऊर्जा उत्पादन गर्नसकेमा समस्त नेपालले नै सुपथ मूल्यमा इन्धन, विजुली तथा अन्य सुविधाहरु सहजै प्राप्त गर्न सक्नुका साथै लोडसेडिङ, बढ्दै गइरहेको ग्यास, पेट्रोल र डिजेलको मूल्य वृद्धिबाट पनि सबैलाई राहत मिल्नेछ साथै फोहोरमैला व्यवस्थापनमा समेत योगदान मिल्नेछ । भर्खरै मात्र नवीकरणीय ऊर्जा प्रविधिका नयाँ अनुदान नीति लागू भएको अवस्थामा आफ्ना वरिपरि खेर गइरहेको फोहरहरुबाट विभिन्न तरिकाले जुक्ति निकालेर ऊर्जा उत्पादन गर्न सकिने कुरालाई आत्मसात् गर्दै वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र र विश्व बैंकले "नेपाल नवीकरणीय ऊर्जा – फोहोरबाट ऊर्जा बजार २०१३" अभियानको थालनी गरेका हुन् ।

देशमा नवीकरणीय ऊर्जा प्रविधिहरुको प्रवर्द्धन गर्ने केन्द्रिय निकायको रुपमा कार्यरत वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रमा हाल नेपाल सरकार र विभिन्न दातृनिकायहरुको सहयोगमा राष्ट्रिय ग्रामिण तथा नवीकरणीय ऊर्जा कार्यक्रम संचालनमा रहेको छ । यस कार्यक्रमले तापीय र बिधुतीय प्रयोजनको लागी फोहोरबाट ऊर्जा उत्पादन गर्ने कार्यको सुरुवात गरेको छ । त्यस्तै नेपाल न्यून आय भएका देशहरुका लागि सुरु भएको स्केलिङअप रिन्युएवल इनर्जी कार्यक्रम अन्तर्गत सहयोग पाउने ६ देशहरु मध्येको एक हो । स्केलिङअप रिन्युएवल इनर्जी कार्यक्रमले नेपालमा फोहोरबाट ऊर्जा उत्पादन गर्ने परियोजनाहरुको कार्यान्वयन गर्नेछ ।

**वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र**
**मिति २०६९ चैत्र २१ गते**